**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी भोलि पश्चिम बंगालको भ्रमण गर्ने कार्यक्रम छ। यस क्रममा उहाँले लगभग १८ हजार ६८० करोड रुपियाँ मूल्यका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले एलपीजी आपूर्तिको अवस्थाबारे समीक्षा गर्न सबै विभागका अधिकारीहरूसँग आपतकालीन बैठक गर्नु भएको छ।

३. पश्चिम बंगालमाकी मुख्यमन्त्री ममता ब्यानर्जीले हिजो जिल्लाधिकारीहरूसँग भर्चुअल बैठक गर्नुभयो|

४. पश्चिम बंगालका राज्यपाल आर.एन. रविले देवी कालीको पूजा गर्न र आशीर्वाद लिन प्रसिद्ध शक्तिपीठ कालीघाट मन्दिरको भ्रमण गर्नु भयो।

५. भारतीय जनता पार्टीले आगामी पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मेदवार छनोट र समग्र रणनीतिको बारेमा केन्द्रीय चुनाव समितिको एक महत्वपूर्ण बैठक आयोजना गऱ्यो।

**प्रधानमन्त्रीको पश्चिम बंगाल भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि पश्चिम बंगालको भ्रमण गर्ने कार्यक्रम छ। यस भ्रमणको क्रममा उहाँले कोलकातामा लगभग १८,६८० करोड रुपियाँ मूल्यका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालको एक पोस् मार्फत आसाम र बंगालको आफ्नो भ्रमणको विवरण साझा गर्नुभयो। यस क्षेत्रमा सडक पूर्वाधारलाई सुदृढ पार्ने उद्देश्यले गरिएको एक महत्त्वपूर्ण कदममा, प्रधानमन्त्रीले लगभग ₹१६,९९० करोडको लागतमा निर्मित ४२० किलोमिटर भन्दा बढी लम्बाइका धेरै राष्ट्रिय राजमार्ग परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नेछन्। उद्घाटन भइरहेका परियोजनाहरूमा पश्चिम बंगाल र झारखण्डमा NH-19 का खण्डहरू, साथै पश्चिम बंगालमा NH-114 का खण्डहरू समावेश छन्। यी परियोजनाहरूले सडक सुरक्षा बढाउने, यात्रा समय घटाउने, भीडभाड र प्रदूषण कम गर्ने, क्षेत्रीय सम्पर्क बढाउने, पर्यटन प्रवर्द्धन गर्ने र यस क्षेत्रमा आर्थिक वृद्धिलाई तीव्र बनाउने अपेक्षा गरिएको छ। प्रधानमन्त्रीले धेरै नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास पनि गर्नेछन्। यसमा २३१ किलोमिटर लामो, चार लेनको खड़गपुर-मोरग्राम आर्थिक कोरिडोर (NH-116A) का पाँच प्याकेजहरू समावेश छन्। यो परियोजना खड़गपुर र सिलिगुडीलाई जोड्ने आर्थिक कोरिडोरको हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी वर्धमान, वीरभूम र मुर्शिदाबाद जिल्लाहरू हुँदै जानेछ। खड़गपुर र मोरग्राम बीचको प्रत्यक्ष सम्पर्कले यात्रा दूरी लगभग १२० किलोमिटर घटाउनेछ र यात्रा समयमा लगभग सात देखि आठ घण्टा बचत गर्नेछ।

**मुख्यमन्त्रीद्वारा एलपीजी आपूर्तिको अवस्थाबारे समीक्षा**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले एलपीजी आपूर्तिको अवस्थाबारे समीक्षा गर्न नवान्नमा सबै विभागका अधिकारीहरूसँग आपतकालीन बैठक गर्नु भएको छ। बैठकमा सबै जिल्लाका अधिकारीहरू भर्चुअल माध्यमबाट सहभागी भएका थिए। बैठकमा राज्यभर रसोई ग्यासको आपूर्ति सामान्य राख्ने विषयमा विस्तृत छलफल गरिएको थियो। मुख्यमन्त्री ब्यानर्जीले जनतालाई अत्यावश्यक इन्धन आपूर्तिमा कुनै समस्या नआओस् भन्ने उद्देश्यले प्रशासनलाई आवश्यक सबै कदम चाल्न निर्देशन दिनु भएको छ। यसको साथै इन्धन संकट व्यवस्थापनका लागि SOP पनि जारी गरिएको छ। राज्य सरकारले नवान्नमा एलपीजी

सम्बन्धी समस्या समाधानका लागि कन्ट्रोल रूम सञ्चालन गर्ने निर्णय गरेको छ। उक्त कन्ट्रोल रूमको नम्बर 1070 / 033-2214-3526 रहेको छ।

राज्य सरकारले अस्पताल, घरायसी प्रयोग, मिड–डे–मिल अन्तर्गतका विद्यालय, आंगनवाडी केन्द्र, सुधारगृह, सरकारी होस्टेल तथा अन्य सरकारी संस्थाहरूमा ग्यास आपूर्तिलाई विशेष प्राथमिकता दिन निर्देशन दिएको छ। साथै रेस्टुरेन्ट, हकर तथा होम डेलिभरी सेवासँग सम्बन्धित क्षेत्रको अवस्थाबारे पनि बैठकमा छलफल गरिएको थियो।

**मुख्यमन्त्री ममताको जिल्लाधिकारीहरूसँग भर्चुअल बैठक**

आगामी २०२६ को विधानसभा चुनावको घोषणा हुनुभन्दा अगाडि पश्चिम बंगालमा प्रशासनिक गतिविधिहरू तीव्र भएका छन्। यस सन्दर्भमा, मुख्यमन्त्री ममता ब्यानर्जीले हिजो जिल्लाधिकारीहरूसँग भर्चुअल बैठक गर्नुभयो| उनीहरूलाई निर्भयतापूर्वक आफ्नो कर्तव्य पूरा गर्न निर्देशन दिनुभयो। स्रोतका अनुसार, मुख्यमन्त्रीले बैठकमा अधिकारीहरूलाई कुनै पनि हिसाबले डराउनु हुँदैन र सधैं जस्तै आफ्नो जिम्मेवारी पूरा गर्न जारी राख्नुपर्ने बताउनु भयो। उहाँले निर्वाचन आयोगको दृढ अडानमा पनि टिप्पणी गर्नु भयो| आयोगले जिल्ला मजिस्ट्रेट र पुलिस अधीक्षकहरूसँग हालै गरेको बैठकलाई विशेष रूपमा उल्लेख गर्नु भयो। मुख्यमन्त्री ममताले भन्नु भयो, चुनाव नजिकिँदै जाँदा यस्ता गतिविधिहरू बढ्ने निश्चित छ, तर अधिकारीहरूले आफ्नो काममा केन्द्रित रहनुपर्छ। बैठकमा, मुख्यमन्त्रीले जिल्लाधिकारीहरूलाई "बाहिरी" को मुद्दामा सतर्क रहन पनि निर्देशन दिनु भयो। उनले चुनाव अघि राज्यमा बाहिरी व्यक्तिहरू ल्याउने प्रयास भइरहेको आरोप लगाउनु भयो। फलस्वरूप, यस अवस्थालाई नजिकबाट निगरानी गर्न र आवश्यक परेमा होटलहरूमा छापा मार्ने र चेकपोइन्ट निरीक्षणलाई तीव्र पार्न निर्देशन दिइएको थियो।

**राज्यपाल**

पश्चिम बंगालका राज्यपाल आर.एन. रवि, आफ्नी पत्नी लक्ष्मी रविसँगै, देवी कालीको पूजा गर्न र आशीर्वाद लिन प्रसिद्ध शक्तिपीठ कालीघाट मन्दिरको भ्रमण गर्नु भयो। राजभवनद्वारा जारी गरिएको संक्षिप्त विज्ञप्ति अनुसार, मन्दिरमा अनुष्ठान गरेपछि, राज्यपालले पश्चिम बंगालका जनताको सुख, शान्ति र समृद्धिको लागि प्रार्थना पनि गर्नु भयो। राज्यपालले जन कल्याणको लागि शुभकामना दिँदै राज्यको समृद्ध सांस्कृतिक र आध्यात्मिक परम्पराहरूप्रति गहिरो श्रद्धा व्यक्त गर्नु भएको उल्लेख गरिएको छ। उल्लेखनीय छ, पदभार ग्रहण गरेपछि प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरूको भ्रमण गर्नु राज्यपालको आधिकारिक कार्यक्रमहरूको अभिन्न अंग मानिन्छ।

**केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथी**

पश्चिम बंगालमा आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथी र आवागमनको बारेमा अन्तिम निर्णय अब भारतको निर्वाचन आयोगद्वारा नियुक्त पुलिस पर्यवेक्षकहरूले लिनेछन्| निर्वाचन आयोगले पश्चिम बंगाल प्रशासनलाई राज्यका सबै जिल्लाहरूमा उपलब्ध केन्द्रीय सशस्त्र पुलिस बलद्वारा रुट मार्च र क्षेत्र प्रभुत्व अभ्यासको पहिलो चरण १४ मार्चमा राति ८ बजेसम्म अनिवार्य रूपमा सम्पन्न गर्न निर्देशन दिएको छ। सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी बनाउने उद्देश्यले यो निर्णय लिइएको हो।

**डीजीपीको नियुक्तिमा भइरहेको ढिलाइप्रति असन्तुष्टि**

पश्चिम बंगालमा पुलिस महानिदेशक (डीजीपी) को पदमा स्थायी नियुक्तिमा भइरहेको ढिलाइप्रति सर्वोच्च अदालतले कडा असन्तुष्टि व्यक्त गरेको छ। सुनुवाइको क्रममा भारतका प्रधानन्यायाधीश सूर्य कान्तले टिप्पणी गर्नु भयो, राज्य सरकार नियमित डीजीपी नियुक्त गर्नुभन्दा राज्यसभामा आफ्ना अधिकारीहरूलाई पठाउन बढी सक्रिय देखिन्छ। उल्लेखनीय छ, पश्चिम बंगालका पूर्व डीजीपी राजीव कुमार टीएमसीको सदस्यको रूपमा राज्यसभामा आफ्नो उम्मेदवारको रूपमा उम्मेदवार बनाएको थियो र उनी निर्विरोध निर्वाचित भएका थिए। राजीव कुमार ३१ जनवरी २०२६ मा सेवानिवृत्त भएका थिए।

**तिब्बती विद्रोह दिवसको सम्झना**

दार्जीलिङ तिब्बती महिला संघले स्वतन्त्र तिब्बतको मागको लागि ६७औं तिब्बती विद्रोह दिवसको सम्झनामा चौरस्तादेखि शहर परिक्रमा गर्दै चौरस्तासम्म ऱ्याली प्रदर्शनको आयोजना गरेको थियो।

****** ० ******